लोकतान्त्रिक गैरसरकारी संस्थाहरूको महासंघ - नेपाल
Federation of Democratic NGOs (FEDEN) – Nepal
भृकुटिमण्डप, काठमाण्डौ, नेपाल Bhrikutimandap, Kathmandu, Nepal

माननीय मन्त्रीज्यू
महिला बलबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
सिंहदरबार

**विषयः गैरसरकारी क्षेत्रको सुशासन, पारदर्शिता तथा प्रभावकारिता सुनिश्चित गर्न कानुनी तथा संस्थागत सुधार सम्बन्धमा नीतिगत ध्यानाकर्षण।**

माननीय मन्त्रीज्यू,

नयाँ परिवर्तित परिस्थितिमा नयाँ म्यान्डेटसहित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री जस्तों गरिमामय पदमा नियुक्त हुनु भएकोमा लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपालका तर्फबाट हार्दिक बधाई व्यक्त गर्दछौं।

यहाँको नेतृत्वमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको अधिकार संरक्षण, सशक्तीकरण र सामाजिक न्याय प्रवर्द्धनका क्षेत्रमा महत्वपूर्ण प्रगति हुने विश्वास लिएका छौं। यस संस्थाले यहाँ तथा यस मन्त्रालयसँग हातमा हात मिलाई सहकार्य गर्दै उक्त उद्देश्यका लागि कार्य गर्न इच्छुक रहेको जानकारी गराउन चाहन्छ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्दै विकास व्यवस्थापन, सुशासन र नागरिक सहभागितालाई संस्थागत गर्ने स्पष्ट मार्गदर्शन गरेको छ । संविधानको धारा ५१ (राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) ले सामाजिक न्याय, समावेशी विकास तथा नागरिक समाजसँग सहकार्य गर्दै विकास प्रक्रिया अघि बढाउने राज्यको दायित्व स्पष्ट रूपमा उल्लेख गरेको छ ।

नेपालमा करिब १००  अन्तराष्ट्रिय र ५०,००० भन्दा बढी राष्ट्रिय गैर सरकारी नागरिक संघ संस्थाहरु क्रियाशील छन् । समाज कल्याण परिषदको अभिलेख अनुसार अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी नागरिक संघ संस्थाहरुले बार्षिक ५०–७० अर्ब रुपैयाँसम्म विकास कार्यक्रमहरूमा खर्च गरिरहेका छन् ।

त्यस्तै केही संस्थाहरू कम्पनी ऐन २०६३ अन्तर्गत कम्पनी रजिस्ट्रारको कार्यालयमा समेत दर्ता भएर सामाजिक कार्य गरिरहेका छन्।

यस क्षेत्रमा ३५ हजारभन्दा बढी नेपालीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारीमा जोडिएका छन् । यी संस्थाहरूले स्वास्थ्य, शिक्षा, महिला सशक्तिकरण, बालअधिकार, वातावरण संरक्षण, कृषि तथा स्थानीय विकास जस्ता क्षेत्रमा महत्वपूर्ण कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

अर्कोतर्फ, गैरसरकारी क्षेत्रको सञ्चालन तथा नियमन सम्बन्धी मुख्य कानुनी आधार अझै पनि राष्ट्रिय निर्देशन ऐन २०१८, संघ संस्था ऐन २०३४ जस्ता एकात्मक राज्य प्रणालीको समयमा बनेका कानुनहरूमा आधारित रहेको छन । संघीय शासन प्रणाली लागू भएको करिब एक दशक बितिसक्दा पनि यी कानुनहरूलाई संविधानको मर्म, संघीय संरचना र समसामयिक आवश्यकता अनुसार परिमार्जन गर्न नसक्दा गैरसरकारी क्षेत्रको व्यवस्थापनमा संरचनागत समस्या देखिन थालेका छन्।

यस परिस्थितिमा गैरसरकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउँदै राज्यका विकास प्राथमिकतासँग प्रभावकारी रूपमा जोड्न एकद्वार प्रणाली (One Window System) मार्फत सञ्चालन र नियमन गर्ने व्यवस्था अत्यावश्यक देखिन्छ।



Scanned with CamScanner

लोकतान्त्रिक गैरसरकारी संस्थाहरूको महासंघ - नेपाल
Federation of Democratic NGOs (FEDEN) – Nepal
भृकुटिमण्डप, काठमाण्डौ, नेपाल Bhrikutimandap, Kathmandu, Nepal

यसै सन्दर्भमा देहायका नीतिगत सुधारहरू अविलम्ब अघि बढाउन माननीय मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउँदछौँ।

प्रमुख नीतिगत सुधार प्रस्तावहरू

१. नयाँ एकीकृत गैरसरकारी संस्था ऐन जारी गर्ने

संघीय शासन प्रणाली तथा संविधानको मर्मअनुसार राष्ट्रीय निर्देशक ऐन २०१८, संघ संस्था ऐन २०३४, समाज कल्याण ऐन २०४९ लगायतका पुराना कानुनहरूलाई प्रतिस्थापन गरी गैरसरकारी संस्था सम्बन्धी नयाँ एकीकृत ऐन तत्काल जारी गरियोस्।

२. एकद्वार नियमन प्रणाली स्थापना गर्ने

हाल गैरसरकारी संस्थाहरू जिल्ला प्रशासन कार्यालय, समाज कल्याण परिषद् र कम्पनी रजिस्ट्रारको कार्यालय लगायत विभिन्न निकायमा दर्ता भई सञ्चालन हुने अवस्थालाई अन्त्य गर्दै एकीकृत एकद्वार प्रणालीमार्फत दर्ता, नवीकरण, परियोजना स्वीकृति र अनुगमन गर्ने व्यवस्था गरियोस्।

संघ संस्था दर्ता नविकरण प्रकृया सहज हुने गरी प्रत्येक पाँच बर्षमा गरिने व्यवस्था बनाईयोस ।

३. समाज कल्याण परिषद्को संस्थागत पुनर्संरचना

गैरसरकारी क्षेत्रको प्रभावकारी नियमन तथा सहजीकरणका लागि समाज कल्याण परिषद्को संरचना, अधिकार र जिम्मेवारीको पुनरावलोकन गरी संघीय संरचना अनुरूप सुदृढ बनाइयोस्।

४. संस्थाहरूको स्पष्ट वर्गीकरण

देशभर सञ्चालनमा रहेका गैरसरकारी संस्थाहरूलाई स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वर्गीकरण गरी स्पष्ट मापदण्ड अनुसार सञ्चालन तथा नियमन गर्ने प्रणाली विकास गरियोस्।

५. विदेशी सहयोगको स्पष्ट नियमन

द्विपक्षीय तथा बहुपक्षीय सहयोग अन्तर्गत प्राप्त हुने विदेशी सहायता रकमको नियमन तथा अनुगमनको जिम्मेवारी स्पष्ट रूपमा निर्धारण गरियोस्, ताकि संस्थाहरूले अनावश्यक प्रशासनिक जटिलता भोग्नु नपरोस्।

साथै बैदेशीक सहयोगबाट निर्माण गरिने संरचनाहरुको निर्माण कार्यहरु पारदर्शी र गुणस्तरीय हुने गरी सार्बजनीक खरिद ऐन तथा नियमावली बमोजिम टेन्डर प्रकृयाबाट गर्ने व्यवस्था मिलाईयोस ।

६. पारदर्शी साझेदार संस्था छनोट प्रणाली

अन्तर्राष्ट्रिय गैससहरूले नेपालमा परियोजना सञ्चालन गर्दा नेपाली साझेदार संस्था छनोट प्रक्रिया प्रतिस्पर्धात्मक, पारदर्शी तथा मापदण्डमा आधारित हुने व्यवस्था गरियोस्।

७. अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने



Scanned with CamScanner

परियोजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि स्वतन्त्र तथा योग्य विज्ञहरूको सहभागितामा परिणाममुखी मूल्याङ्कन प्रणाली लागू गरियोस्।

८. संस्थागत सुशासन सुनिश्चित गर्ने

गैरसरकारी संस्थाहरूमा पारदर्शिता, वित्तीय अनुशासन, समावेशिता र जवाफदेहिंता सुनिश्चित गर्ने कडा कानुनी प्रावधानहरू लागू गरियोस्।

९. समाज कल्याण परिषद्को क्षमता अभिवृद्धि

परिषद्मा रहेको रिक्त दरबन्दीहरू पारदर्शी प्रतिस्पर्धाबाट पूर्ति गरी बृति विकासका कार्यहरु समयानुकुल गरि स्थागत क्षमता सुदृढ गरियोस्।

१०. गैससको योगदानको राष्ट्रिय अभिलेख

गैरसरकारी क्षेत्रले राष्ट्रिय विकासमा पुऱ्याएको योगदानलाई राष्ट्रिय आर्थिक तथा बजेट प्रणालीमा अभिलेख गर्ने औपचारिक व्यवस्था गरियोस्।

११. प्रशासनिक जटिलता हटाउने

परियोजना स्वीकृति, अनुगमन तथा प्रतिवेदन प्रक्रियामा रहेका अनावश्यक प्रशासनिक तह र जटिलता हटाई सरल र पारदर्शी प्रणाली लागू गरियोस्।

१२. सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने

गैरसरकारी क्षेत्रसँग सम्बन्धित नीति निर्माण, कार्यक्रम तथा छलफल प्रक्रियामा सम्बन्धित महासंघ तथा सरोकारवालाहरूको संस्थागत सहभागिता सुनिश्चित गरियोस्।

माननीय मन्त्रीज्यू,

नेपालमा गैरसरकारी क्षेत्रले विगत धेरै वर्षदेखि सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको भए पनि समयानुकूल कानुनी तथा संस्थागत सुधार नभएको अवस्थामा यस क्षेत्रप्रति जनविश्वास कमजोर हुने जोखिम बढ्दै गएको छ।

अतः संविधानको मर्म, भावना, जन अपेक्षा अनुरूप संघीय शासन प्रणाली तथा सुशासनका सिद्धान्तहरूलाई आत्मसाथ गरी गैरसरकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यले आवश्यक नीतिगत तथा कानुनी सुधार प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाइदिन हार्दिक अनुरोध गर्दछौं।

| | |
|---|---|
| मनोज कुमार कंडेल | डिल्ली राम गिरी |
| महासचिब | अध्यक्ष |



Scanned with CamScanner